नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

# त्रिभुवन विमानस्थल भन्सार कार्यालय

(मुद्दा तथा लिलामी शाखा)

गौचर, काठमाण्डौं ।

## भन्सार नियमावली, २०८३ को नियम ८५ को उपनियम २ अनुसार सिलबन्दीद्वारा मालवस्तु लिलाम बिक्री सम्बन्धी सूचना

लिलाम प्रकाशित मिति:- २०८३/०५/०९

विभिन्न प्रतिवेदक निकायबाट प्राप्त भई मुद्दा दर्ता प्रक्रिया मार्फत यस कार्यालयको निर्णयबाट जफत भई दाखिला हुन आएका र यात्रु जाँचपास तथा सहजीकरण शाखाबाट जफत भएका तपसिलमा उल्लेख भए बमोजिमको विवरणका मालवस्तुहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा भन्सार नियमावली, २०८३ को नियम ८५ को उपनियम २ बमोजिम सिलवन्दीको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक फर्म, कम्पनी वा संस्थालाई यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । दरभाउपत्र यस कार्यालयको मुद्दा तथा लिलामी शाखाबाट खरिद गर्न सकिने छ । अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयको मुद्दा तथा लिलामी शाखामा सम्पर्क राखी बुझ्न सकिने छ । साथै यस कार्यालयको वेबसाइट tia.customs.gov.np र भन्सार विभागको वेबसाइट customs.gov.np मा समेत हेर्न सकिनेछ ।

तपसिल

| सि. नं. | मुद्दा नं./ आ.ब. | मालवस्तुको विवरण | न्यूनतम मूल्य (रु.) | दरभाउपत्र खरिद रकम (रु.) |
|---|---|---|---|---|
| १. | ५५-२०८२/०८३ | One Plus Mobile-39 PCS, IQOO Mobile- 4 PCS, Nothing Mobile-5 PCS, Vivo Mobile-1 PCS, G Mobile-1 PCS | २०,८८,०००/- (अक्षरेपि बीस लाख अठासी हजार मात्र) | २,०००/- (अक्षरेपी दुई हजार मात्र) |
| | ७८-२०८२/०८३ | One Plus Mobile- 4 PCS, विभिन्न मोडलका Used IPhone- 7 PCS | | |
| | १६१-२०८२/०८३ | विभिन्न मोडलका Used Iphone- 14 PCS | | |
| २. | ८६-२०८२/०८३ | One drop Fevikwik, Hair color- 4 pkt, Fixderma Shadow Spf 30+ gel- 7100 pkt, Sizland Foru Kozzy Choco Truffles Chocolate- 145 pkt, Lucero Choco Trulffles Chocolate- 300 pkt, Anul Chocolate Syrup- 53 pcs, Smoly Popping Candy- 98 pkt, Eno Lemon Flavour- 504 pkt, Wooden Frame- 2 pcs, Aluminium Handle- 3 pcs, AI Emulsion Ink- 1 bottle, Pvc Printing ink pot-1 pcs, Decoting power- 5 pcs. | ३८,६५,८८५/०० (अक्षरेपि अठतिस लाख पैसठ्ठी हजार आठ सय पचासी मात्र) | २,०००/- (अक्षरेपी दुई हजार मात्र) |
| ३. | मिति २०८३/०५/०४ को मु.स.को निर्णय नं. २ बमोजिमका यात्रु शाखाबाट प्राप्त बस्तुहरु | Dell/HP Laptop- 23 pcs, Asus Vivo book- 1 pcs, Macbook Air- 1 Pcs, Macbook Pro- 1 Pcs, Iphone 17 Pro max- 7 pcs, Iphone 17 pro- 6 pcs, Iphone 16 Pro max- 1 pcs, Iphone 15 Pro max- 2 pcs, Iphone 13 pro max- 13 pcs, Iphone 13 pro- 9 pcs, Iphone 13- 1 pcs, Iphone 12- 5 pcs, Iphone 11 Pro max- 1 pcs, | ३९,६५,०००/०० (अक्षरेपि उनान्चालिस लाख पैसठ्ठी हजार मात्र) | २,०००/- (अक्षरेपी दुई हजार मात्र) |

Scanned with CamScanner

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# त्रिभुवन विमानस्थल भन्सार कार्यालय

(मुद्दा तथा लिलामी शाखा)

गौचर, काठमाण्डौं ।

| | | | | |
|---|---|---|---|---|
| | | Iphone x- 1 pcs, Ipad- 3 pcs, Apple Watch- 2 pcs, Samsung S26 Ultra- 3 pcs, Samsung S25 ultra- 1 pcs, Camera lens- 1 pcs, Tab- 1 pcs, Samsung mobile- 1 pcs, Android mobile- 1 pcs, Various watch- 6 pcs, Redmi A7 pro mobile- 1 pcs. | | |

**शर्तहरु**

१) सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समय भित्र उल्लेखित रकम रा.बा. बैंकको राजस्व खातामा रकम जम्मा गरेको सक्कल भौचर बुझाई (फिर्ता नहुने गरी) यस कार्यालयको मुद्दा शाखा र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सिलवन्दी दरभाउपत्र फाराम खरिद गर्न सकिने छ । सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्दा मू.अ.कर दर्ताको प्रतिलिपि, व्यवसाय दर्ताको प्रतिलिपि साथै आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२) आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतले हुने धरौटी रकम राष्टिय वाणिज्य बैंक, गौचर शाखामा रहेको भन्सार कोष खाता नं. १६९०१००१०२०९०००१ मा जम्मा गरी सो को सक्कल भौचर सिलबन्दी दरभाउपत्र फाराम साथ पेश गर्नु पर्ने छ ।

३) कार्यालयबाट सिलवन्दी दरभाउपत्र जसको नाममा खरिद भएको हो सोही फर्म, कम्पनी वा संस्थाले मात्र पेश गर्न पाउने छ । अन्य फर्म, कम्पनी वा संस्थाले पेश गरेमा दरभाउपत्र रद्द हुनेछ ।

४) सिलबन्दी दरभाउपत्रमा दरभाउपत्रदाताले आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्ने छ । सच्याइएको वा केरमेट गरेको पाइएमा केरमेट गरेको स्थानमा दरभाउपत्र दाताको दस्तखत हुनुपर्ने छ । साथै अंक अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५) सिलबन्दी दरभाउपत्र १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयको मुद्दा शाखामा दर्ता गरी सक्नु पर्नेछ। सिलबन्दी दरभाउपत्र दर्ता गर्दा सिलबन्दी खाम वाहिर मालवस्तुको सि.नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । १६ औं दिनको १२:०० बजेभित्र दर्ता हुन आएको सिलवन्दी दरभाउपत्र सोही दिन १:०० बजे (सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा) कार्यालयका प्रतिनिधि र दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिको रोहवरमा त्रि.वि. भन्सार कार्यालय, प्रशासनिक भवनमा खोलिने छ । दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा सिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६) सिलबन्दी पेश हुने दरभाउपत्रमा दरभाउपत्रदाता फर्म, कम्पनी वा संस्थाको प्रोपाईटर वा आधिकारिक प्रतिनिधिले आफ्नो परिचय खुल्ने कागजातको प्रतिलिपि र फर्म दर्ताको प्रतिलिपि संलग्न राखी पुरा नाम, थर लेखि फर्मको आधिकारिक सही छाप गरेको हुनुपर्ने छ ।

७) इच्छुक व्यक्तिले मालवस्तु हेर्न चाहेमा सूचना प्रकाशित भएको ९ औं देखि १० औं दिन सम्म यस कार्यालयमा आएर दिउँसो ३:०० बजेदेखि ५:०० बजेभित्र मुद्दा शाखामा सम्पर्क गरी हेर्न सकिनेछ।

८) सिलबन्दी दरभाउपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा सूचना टाँस गरी गराइनेछ । सिलबन्दी दरभाउपत्र स्वीकृत भएको फर्म, कम्पनी वा संस्थाले दरभाउपत्र स्वीकृत भएको

Scanned with CamScanner

नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

# त्रिभुवन विमानस्थल भन्सार कार्यालय

(मुद्दा तथा लिलामी शाखा)

गौचर, काठमाण्डौं।

जानकारी पाएको मितिवाट ७ दिनभित्र मू.अ.कर र प्रचलित कानून बमोजिम लाग्ने अन्य महशुलहरु बुझाई मालवस्तु उठाई लैजानुपर्ने छ ।

९) सिलवन्दी दरभाउपत्र स्वीकृत भएको दरभाउपत्र दाताले तोकिएको म्याद भित्र सामान उठाई नलगेमा निजले राखेको धरौटी रकम जफत गरी भन्सार नियमावली, २०८३ को नियम ८६(५) बमोजिम भई जाने छ ।

१०) आफूले लिलाम सकार गर्न चाहेको मालवस्तुको विस्तृत विवरण कार्यालय समयमा त्रि.वि. भन्सार कार्यालयको प्रशासनिक भवनको मुद्दा शाखाका आई जानकारी लिन सकिनेछ ।

११) सिलबन्दी दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने सर्वाधिकार यस कार्यालयमा रहने छ ।

१२) कुनै पनि शर्त राखी पेश भएको सिलबन्दी दरभाउपत्र मान्य हुने छैन ।

१३) यसमा उल्लेख भएदेखि बाहेक अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१४) गोप्य सिलबन्दी दरभाउपत्र खोल्दा दुई वा सो भन्दा बढि फर्महरुले कबोल गरेको अधिकतम रकम समान भएमा उक्त फर्महरुबिच गोला प्रथाद्वारा निर्णय गरिनेछ ।

१५) गोप्य सिलबन्दी दरभाउपत्र खोल्दा दुई वा सो भन्दा बढि फर्महरुले कबोल गरेको अधिकतम रकम समान भएमा उक्त फर्महरुबिच गोला प्रथाद्वारा निर्णय गरिनेछ ।

१६) मोबाईल दर्ता सम्वन्धी सम्पूर्ण जिम्मेवारी लिलाम सकारकर्ताको हुनेछ ।

Scanned with CamScanner